जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००**
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३१६ पृष्ठः ४ | २०८२ चैत्र ३० सोमबार (Monday 13 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## नगरपालिकाको सहयोगमा आँखा उपचारसहित शल्यक्रिया



**मणिलाल विश्वकर्मा**

लहान, २९ चैत्र। आफ्नै गाउँठाउँमा सुविधासम्पन्न आँखा अस्पताल भए पनि आर्थिक अभावले आँखाको उपचार गराउन नपाएका विपन्न, असहाय नागरिकका लागि सिराहाको लहान नगरपालिकाले आँखाको मोतियाविन्दुको शल्यक्रियासहित उपचार अभियानलाई निरन्तरता दिएको छ।

नगरको वार्षिक कार्यक्रममै राखेर नगरपालिकाले सम्बन्धित वडा कार्यालयको समन्वय र लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालको सहकार्यमा वडा तहमा आँखा शिविर सञ्चालन गरी मोतियाविन्दु भएका बिरामीको थप जाँच, शल्यक्रियासहित निःशुल्क औषधि, चस्मा वितरण गरिरहेको हो। पछिल्लोपटक लहान– १३ मा सञ्चालित शिविरमा आँखा जाँच गराएका २२० जनामध्ये मोतियाविन्दु भेटिएका ६१ जनामध्ये पहिलो चरणमा ५० जनाको शल्यक्रिया गरिएको छ। अस्पताल प्रशासनका अनुसार बाँकी ११ जनालाई अर्को चरणमा शल्यक्रिया गरिँदै छ।

**'विपन्न असहायका लागि नगरपालिका अभिभावक'**

अस्पतालमा मोतियाविन्दुको शल्यक्रिया गरिएका बिरामीहरूलाई शनिबार नगर प्रमुख महेशप्रसाद चौधरीले अस्पतालमै पुगेर भेट गर्दै विपन्न असहायका लागि नगरपालिका अभिभावक रहेको बताए। बिरामीहरूलाई जुस वितरण गर्दै उनले अप्ठ्यारोमा परेका नागरिकका लागि नगरले आफ्नो स्रोतले भ्याएसम्म सहयोग गर्ने आश्वासन दिए। 'घरपरिवारले चाहँदा–चाहँदै पनि अस्पतालसम्म पुर्‍याउन नसकेका बिरामीहरूलाई नगरपालिकाले हेर्छ,' उनले भने, 'अस्पतालसम्म ल्याएर उपचारपछि घर फर्किन नगरबसको समेत सुविधा दिएका छौँ।'

आर्थिक वर्ष ०७९/०८० देखि करिब साढे तीन वर्षको अवधिमा नगरको २४ वटै वडामा आठ हजार जनाभन्दा बढीको आँखा जाँच र दुई हजार चार सयभन्दा बढीको शल्यक्रिया गरिएको नगरपालिकाले

**–बाँकी अन्तिम पेजमा**

## कमला नदीमा डुबेर बेपत्ता भएका युवकको शव फेला



**विजयकुमार साह**

ढल्केबर, २९ चैत्र। धनुषाको गणेशमान चारनाथ नगरपालिका–५ स्थित कमला नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका एक युवकको शव फेला परेको छ। शनिबार नदीमा डुबेर बेपत्ता भएका जनकपुरधाम उपमहानगरपालिका–६ का १८ वर्षीय महमद आयन कमड आइतबार मृत अवस्थामा फेला परेका हुन्।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार घटना लगत्तै सशस्त्र प्रहरी सुरक्षा बेस रघुनाथपुर र प्रहरी चौकी चिसापानीबाट खटिएको टोलीले खोजी कार्य तीव्र पारेको थियो। स्थानीय स्तरको

**–बाँकी अन्तिम पेजमा**

## स्रोत नखुलेको नगदसहित दुई पक्राउ

सर्लाही, २९ चैत्र। नियमित गस्तीमा रहेको प्रहरी टोलीले सर्लाहीको ब्रह्मपुरी गाउँपालिका–४ बाट स्रोत नखुलेको नगद रु आठ लाखसहित दुई जनालाई पक्राउ गरेको छ। केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार चन्द्रनगर गाउँपालिका–४ का २३ वर्षीय कृष्णकुमार पासवान र सोही पालिका–१ का ४१ वर्षीय शिवनारायण महतोलाई पक्राउ गरिएको हो। भारतबाट मोटरसाइकल चढेर आएका उनीहरूको शरीर खानतलासी गर्दा उक्त रकम बरामद भएको हो।

## सिरहाको जिरोमाइलबाट १९ किलो गाँजासहित एकजना पक्राउ

लहान, २९ चैत्र। सिरहाको धनगढीमाई नगरपालिका जिरोमाइल क्षेत्रबाट सशस्त्र प्रहरी बलको टोलीले भारततर्फ लैजाँदै गरेको १९ किलोग्राम प्रतिबन्धित लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ। जिरोमाइल बरियारपट्टी सडक हुँदै भारततर्फ



गाँजा लगिरहेको गोप्य सूचनाका आधारमा सुखीपुरस्थित सशस्त्र प्रहरीको सुरक्षा बेस क्याम्पका प्रमुख सशस्त्र प्रहरी निरीक्षक यादव खत्रीको नेतृत्वमा खटिएको टोलीले आइतबार दिउँसो गाँजा बरामद गरेको हो।

को. २ ह ७१९४ नम्बरको अटोमा लोड गरिएको गाँजासहित धनगढीमाई– ९ का राजेश दासलाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वाटर सिराहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए। उनका अनुसार अटोको स्कर्टिङमा प्रयोग भएको मोटरसाइकलचालक फरार भएकाले अटोसहित गाँजा र चालक दास, नगद २५ हजार १०५ रुपैयाँ, एक थान मोबाइल र करिब ११ तोलाबराबरको चाँदीको ब्रासलेटसमेत बरामद भएको छ। पक्राउ परेका दासलाई आवश्यक कानुनी कारबाहीका लागि लहानस्थित इलाका प्रहरी कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## क्षयरोगबाट बचौं र बचाऔं।

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

**"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाओं**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## शिक्षा क्षेत्र खलबल्याउने गल्ती नगर !

सरकारले केही दिन पहिले दिएको निर्शनले संस्थागत भनिने निजी विद्यालयहरू सञ्चालकहरू झस्केका छन् भने विद्यार्थी र अभिभावक अन्योलमा परेका छन्। शिक्षा तथा संस्कृति मन्त्रालयले निजी विद्यालयहरूलाई दोहोरो शुल्क नलिन, असुल गरिएको शुल्क फिर्ता गर्न र शुल्क संरचना सार्वजनिक गर्न निर्देशन दिएको थियो। यस्तो निर्देशन दिँदा सरकारले सर्वोच्च अदालतको आदेशलाई समेत उद्धृत गरेको छ।

सरकारले दिएको निर्देशनभन्दा बढी अव्यावहरिक हस्तक्षेपको सन्देहले निजी विद्यालय सञ्चालकहरू बढी झस्किएको हुनुपर्छ। सार्वजनिक भनिने सरकारी विद्यालयहरूको सुधारमा भन्दा सधैँ नै सरकारको विशेषगरी नयाँ सरकारको ध्यान निजी विद्यालयको नियमनमै जाने गरेको देखिन्छ। निजी विद्यालयमा राज्यको लगानी शून्य प्रायः हुने हुनाले सरकारले धेरै हस्तक्षेप गर्नु मनासिब हुँदैन। यसै पनि अभिभावकहरूले स्वेच्छाले नै आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गराउने हुन्। यो सरकारी हस्तक्षेपको भन्दा विद्यालय र अभिभावकका बीचको विषय हो। सरकारसँग कुनै पक्षले आग्रह नगर्दासम्म हस्तक्षेप गर्नु प्राकृतिक न्यायका दृष्टिबाट पनि उचित हुँदैन। विगतमा पनि सरकार गठन हुनेबित्तिकै निजी विद्यालयमा हस्तक्षेप हुनेगर्थ्यो। यो सरकार पनि अपवाद बन्न सकेन। केही गरेर देखाउने हुट्हुटीले सरकारलाई सबै क्षेत्रमा देखिनेगरी उपस्थिति जनाउन हतार हुनु अस्वाभाविक होइन। कतिपय अवस्थामा छलाङ मार्ने सरकारी चाहना राष्ट्रका लागि प्रत्युत्पादक बनेको छ र यसको ज्वलन्त उदाहरण पनि शिक्षा क्षेत्र नै हो। अरू क्षेत्रमा गरिने नीतिगत गल्ती सामान्य हानिपछि सच्याउन सकिन्छ। तर, शिक्षामा गरिने गल्तीले पुस्तौँसम्म क्षति पुग्छ।

नेपालका अपेक्षाकृत ढिलो सुरु भएको विद्यालय शिक्षाको विकास र विस्तारमा सरकारीभन्दा सामुदायिक प्रयासको योगदान बढी छ। तर, शिक्षाको पञ्चायतीकरण गर्न राष्ट्रिय शिक्षा पद्धतिका नाममा सबै सामुदायिक विद्यालयहरूको राष्ट्रियकरण गरियो। त्यसपछि ह्रासोन्मुख हुनपुगेको सामुदायिक विद्यालयको गुणस्तर अहिलेसम्म सन्तोषजनक हुनसकेको छैन। पञ्चायत कालमै शैक्षिक गुणस्तरको चिन्ता अभिभावकमा देखिन थालेपछि निजी क्षेत्रलाई विद्यालय सञ्चालन गर्न खुला गरियो। त्यसले ह्रासोन्मुख शैक्षिक गुणस्तरमा केही सुधार त भयो तर शैक्षिक विभाजन पनि बढायो। यद्यपि, निजी विद्यालयका कारण निम्नमध्यम वर्गका अभिभावकले पनि सन्तानलाई आधुनिक स्तरीय शिक्षा दिलाउने मौका पाए।

निजी विद्यालय सञ्चालकमध्ये केहीले पक्कै पनि शिक्षालाई व्यापार बनाएकै हुन्। अभिभावकलाई विभिन्न नामका शुल्कको बोझ थुपारेर आतङ्कित नै तुल्याएका पनि छन्। तर, त्यस्ता विद्यालयमा आफ्ना सन्तान पढाउने अभिभावक पनि त्यसका लागि जिम्मेवार छन्। साथै सरकारले निजी विद्यालयमा हस्तक्षेप गर्नेभन्दा सरकारी विद्यालयलाई गुणस्तरमा प्रतिस्पर्धी बनाउन ध्यान दिनुपर्थ्यो। विकल्प भए पक्कै अभिभावकहरूले पनि सरकारी विद्यालय नै रोज्थे। गहिरो अध्ययन र निजी क्षेत्रका विद्यालय सञ्चालकहरूसँग विस्तृत छलफल नगरी नयाँ सरकारले हस्तक्षेप नगरेकै भए राम्रो हुन्थ्यो। निजी विद्यालयहरूमा अन्योल हुनेबित्तिकै मध्यम तथा उच्चवर्गका अभिभावकले आफ्ना सन्तानलाई भारतका विभिन्न सहरमा पठाउने गर्छन्। देशभित्रको शैक्षिक वातावरण बिथोल्दा विद्यार्थी भारत वा अन्य विदेशी मुलुकमा पुग्छन् भने निम्न र निम्नमध्यम वर्गका बालबालिका गुणस्तरीय शिक्षाबाट वञ्चित हुन्छन्। अर्थात्, सरकारले राम्रै नियतले गरेको भए पनि शैक्षिक क्षेत्रमा गरिने हस्तक्षेपले बहुसंख्यक बालबालिकालाई स्तरीय शिक्षाको अवसरबाट वञ्चित गराउन सक्छ। यसैले निजी क्षेत्रका विद्यालय सञ्चालकको विश्वास टुट्ने गरी सरकारले एकतर्फी निर्णय लाद्नु प्रत्युत्पादक हुने देखिन्छ।

सुधार र नियमनको प्रयासमा निजी विद्यालयहरूले पनि सहयोग गर्नुपर्छ। यसका लागि सरकारले पहिले संवाद र समन्वय गरेर उनीहरूलाई आफ्नो नियत गलत नभएको विश्वास दिलाउनु आवश्यक छ। शिक्षा क्षेत्रलाई सरकारी लहडवाजीको सिकार बनाइरहनु नेपालका बालबालिकाको भविष्यप्रति कुठाराघात हो। निजी विद्यालयमा आँखा लगाउनुपूर्व सरकारी विद्यालयमा सुधार गर !

# कांग्रेसजन राजनीति गर्छौ कि मुद्दामामिला ?

## अदालतबाट आदेश गराएर पार्टीको नेतृत्व गर्ने कस्तो लोभ हो ?

**गोविन्द अधिकारी**

"Oh, what a tangled web we weave, when first we practice to deceive!"

अंग्रेजीका कवि सर वाल्टर स्कटका यी पङ्क्तिहरूको भावार्थ हुन्छ "छलकपटको जाल बुन्न थालेपछि मानिस आफैँले बुनेको जटिल जालमै अल्झिँदै जान्छ" नेपाली कांग्रेसका पुरानो संस्थापनका नेताहरूमा यो पङ्क्ति चरितार्थ हुनपुगेको छ। आफ्नै पार्टीको विधानअनुसार गरिएको विशेष महाधिवेशनको मागलाई जालझेल गरेर निरस्त पार्ने नखोजेको भए उनीहरू मूलप्रवाहबाट भङ्गालोमा परिणत हुनुपर्ने थिएन भने एकपछि अर्को मुद्दाका वादी हुने थिएनन्।

महाधिवेशन बोलाउन रकमी जालझेल गरेर पार्टी कब्जा गर्ने रणनीतिमा रहेका तत्कालीन सभापति शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशनको मागमा आलटाल गरेर समय बिताइदियो। पछि महाधिवेशन नै गर्ने निर्णय गरेर अल्झाइरह्यो। अन्ततः केही नलागेपछि विधानअनुसार विशेष महाधिवेशन भयो र नयाँ केन्द्रीय कार्यसमितिको निर्वाचन भयो। देउवा पक्ष भने विशेष महाधिवेशनमा गएर प्रतिनिधिहरूको सामना गर्न तयार भएन। जोजसले समयको नाडी छाम्न सके उनीहरू मूलप्रवाहमा मिसिए। निर्वाचन आयोगले विधानअनुसार भएको विशेष महाधिवेशनमा उपस्थित बहुमत प्रतिनिधिले चुनेको सभापति गगनकुमार थापा र उनको केन्द्रीय कार्यसमितिलाई मान्यता दियो।

प्रतिनिधि सभामा सभापति थापाको नेतृत्वमा कांग्रेस सहभागी भयो। चुनावमा त कांग्रेस विजयी हुनसकेन तर चुनावमा हेलिएका नेपाली कांग्रेसका कार्यकर्ताहरूका अनुसार विशेष महाधिवेशन नगरेको भए त जनताकहाँ जान सकिने अवस्था नै थिएन। चुनावी हारजितको समीक्षा र विश्लेषण भइरहेको हुनुपर्छ। अर्को चुनावसम्म भइरहनेछ। चुनाव हारेपछि 'नुन खाएको कुखुरो' भएर झोक्राएर बस्नुको साटो नेपाली कांग्रेसले महाधिवेशनको मिति तय गरेर प्रक्रिया सुरु गरिसकेको छ। पहिले पार्टीको विधानबमोजिम भएको विशेष महाधिवेशनको आधिकारिकतामा प्रश्न उठाएर मुद्दा हाल्ने देउवा पक्ष अहिले आसन्न महाधिवेशनको प्रक्रियासमेत रोकिदिन माग गर्दै फेरि मुद्दा हाल्न पुगेको छ।

**तान्त्रिक पछि झगडिया कांग्रेस !**

देउवा पक्षको कार्यशैली पटक्कै राजनीतिक देखिएन। अदालतबाट आदेश गराएर पार्टीको नेतृत्व गर्ने कस्तो लोभ हो ? सर्वोच्च अदालतको परमादेशबाट देउवा प्रधानमन्त्री नियुक्त भएका थिए। त्यो संवैधानिक विवादको विषय भएकाले अदालतले निर्णय दिनु केही हदसम्म सही नै मान्न सकिन्छ। यद्यपि, त्यतिबेलै तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद ओलीले तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको सहयोगमा रकमी तर्क गरेर सरकार गठन गरी संसद् भङ्ग नगरेको भए जे निर्णय हुन्थ्यो प्रतिनिधि सभाबाटै हुन्थ्यो। र नेपालको राजनीतिक विकासका लागि त्यही सही हुन्थ्यो।

महाधिवेशनको प्रक्रियामा कांग्रेसका कुनै नेता कार्यकर्ताको अधिकार हनन गरिएको वा कसैलाई निषेध गरिएको भए न्यायालयको शरणमा जानु उचित पनि हुन्थ्यो। आफूले वर्ष दिन पहिले नै गराउनुपर्ने महाधिवेशन अर्को कार्यसमितिले नै सही गर्न त लागेको छ। अझै सक्रिय राजनीति गर्ने रहर बाँकी नै भने महाधिवेशन प्रतिनिधि चुनिएर आए भइहाल्यो। महाधिवेशनमा उमेदवार भएर पार्टी सभापति नै भए पनि भयो। नभए शान्तिपूर्वक बसे नै सम्मानित होइन्छ। महाधिवेशन नै हुन नदिएर त नेपाली कांग्रेसको भलो हुँदैन।

मुद्दामा अल्झिएर र अल्झाइएर आवधिक महाधिवेशन हुन नदिने हो भने नेपाली कांग्रेसको औचित्यका साथै नैतिक वैधता पनि समाप्त हुन्छ। के देउवा पक्षको चाहना यही हो ? अहिले महाधिवेशनमा लागेका आफ्नै पक्षका कार्यकर्ताको समेत मनोबल कमजोर बनाउनेगरी मुद्दामामिला गर्दा उनीहरू बेमनले सहभागी हुनेछन्। त्यस अवस्थामा हिजो साथ दिएका सबैजसो कार्यकर्ता मूलप्रवाहबाट बाहिरिन सक्छन्। के देउवा उनलाई पहिले साथ दिनेहरू पनि कांग्रेसको मूलप्रवाहबाट बाहिर निस्कुन् भन्ने चाहन्छन् ? नेताको पछि लागेर मूलप्रवाहबाट अलग्गिँदा कार्यकर्ताहरूको कस्तो बिजोग हुन्छ भन्ने उदाहरण केही जिल्लामा देखिएकै छ।

पीएल सिंह नेपाली कांग्रेसका सच्चा नेता थिए। उनी प्रायः ठट्टाकै शैलीमा गहिरा कुरा भन्थे। एकपटक कतै कुराकानी गर्दा २०६० तिर मैले सोधेको थिएँ – दाइ कुन कांग्रेसमा ? शेरबहादुर देउवाले पार्टी फुटाउँदा उनी देउवा समूहमा देखिएका थिए। पछि देउवा समूहमा पनि सक्रिय भएका थिएनन्। यसैले मैले उनलाई सोधेको थिएँ। उनले आफ्नै विनोदी शैलीमा भनेका थिए – म तान्त्रिक (देउवाको पार्टी)मा पनि छैन र यान्त्रिक (संस्थापन)मा पनि छैन।

**अहिले भए पीएल सिंहले भन्थे होलान् – म झगडिया कांग्रेस होइन।**

विशेष महाधिवेशनको मागमा रकमी झेल गर्दा मूलप्रवाहबाट किनारा लाग्नु परेको यथार्थ आत्मसात् गरी मुद्दा मामिला होइन राजनीतिक र लोकतान्त्रिक प्रक्रियामा समावेश भएर देउवा र पूर्णबहादुर खड्काले आफ्नै इतिहासप्रति पनि न्याय गर्नुपर्छ। रकमी जालझेलको सहारा लिँदा एकपछि अर्को मामिलामा जेलिन थालिन्छ। सर वाल्टर स्कटले भनेजस्तै "छलकपटको जाल बुन्न थालेपछि मानिस आफैँले बुनेको जटिल जालमै अल्झिँदै जान्छ"। स्मरणीय छ, जालझेलले क्षणिक लाभ वा आत्मतुष्टि दिन सक्ला तर दीर्घकालीन रूपमा संगठनलाई कमजोर बनाउँछ।

**र अन्त्यमा**

नेपाली कांग्रेसले संसदीय दलको नेता छान्न चुनावै गर्ने भएछ। ठीकै हो। तर, समानुपातिक सदस्यहरूले संसदीय दलको नेता बन्न खोज्नु संसदीय लोकतन्त्रको मर्यादाअनुरूप हुँदैन। प्रमुख विपक्षी नेताले त आइपर्ने बित्तिकै सरकार गठन गर्न सक्नुपर्छ। यस्तै, ठूला निर्माण व्यवसायी सदस्यले पनि पछि स्वार्थ बझान हुनसक्ने जोखिम हेरेर दुईजना निर्वाचित युवा सांसदलाई चुनावमा उत्रन दिए हुन्छ। नेपाली कांग्रेसले पनि संसदीय मूल्यको जगेर्ना नगरे कस्ले गर्ला ? बाह्रखरीबाट

# राम्रो विद्यालय कसरी रोज्ने ?

**अभिषेक घिमिरे**

अहिले विशेषगरी धेरैजसो विद्यालयहरूमा वार्षिक परीक्षा सकिएको छ। विद्यार्थीहरू केही समयका लागि फुर्सदिला भएका छन् भने आउँदो वैशाख १५ गतेदेखि नयाँ शैक्षिक सत्र शुरू हुँदैछ। यस्तो समयमा विशेषगरी अभिभावकहरू आफ्ना नानीबाबुहरूलाई आधारभूत तहमा राम्रो विद्यालयमा भर्ना गराउने तयारीमा देखिन्छन्। धेरै अभिभावकहरू उपयुक्त विद्यालय खोज्दै हिँडिरहेका पनि भेटिन्छन्। बालबालिकाको विकासको आधार वास्तवमा आमाको गर्भावस्थादेखि नै शुरू हुन्छ। आमाको मानसिक स्वास्थ्य कस्तो छ, पोषणको अवस्था कस्तो छ—यी कुराहरूले पनि बालबालिकाको प्रारम्भिक विकासमा महत्त्वपूर्ण प्रभाव पार्छन्। त्यसपछि शुरू हुने प्रारम्भिक बाल्यकाल शिक्षाले थप आधार तयार गर्छ।

त्यसपछि आउने आधारभूत तह वा प्राथमिक शिक्षा भनेको मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण जग हो। यही चरणमा बालबालिकाको सोच्ने क्षमता, सिक्ने बानी र व्यवहार विकास हुन्छ। त्यसैले यस तहमा गुणस्तरीय शिक्षक, सक्षम शिक्षण पद्धति र उत्कृष्ट विद्यालय वातावरण अत्यन्त आवश्यक हुन्छ। आधारभूत तहलाई जग अर्थात् 'फाउन्डेशन' भनिनुको कारण नै यही हो, यसले नै बालबालिकाको भविष्यको दिशा निर्धारण गर्छ।

अहिले धेरै अभिभावकहरू राम्रो विद्यालय कस्तो हुन्छ भन्ने विषयमा अलमलमा परेकोजस्तो देखिन्छ। केही अभिभावकहरू महँगो शुल्क लिने विद्यालय नै राम्रो हुन्छ भन्ने भ्रममा छन्। कतिपयले सामाजिक प्रतिष्ठाका आधारमा विद्यालय रोज्ने गरेको पाइन्छ। त्यसैगरी केही अभिभावकहरू भने राम्रो नतिजा दिने विद्यालयलाई प्राथमिकता दिन्छन्। कामकाजी अभिभावकहरू विशेषगरी बच्चा बिहानदेखि बेलुकासम्म विद्यालयमै व्यस्त रहोस्, विद्यालयले नै बढी समय र जिम्मेवारी लिओस् भन्ने सोच राख्ने पनि छन्। यसैले वास्तवमा गुणस्तरीय शिक्षा के हो ? भन्ने विषयमा अभिभावकहरू अझै अन्योलमै छन्।

साना बालबालिकाको हकमा विद्यालयले केवल पाठ्यवस्तु भराउने भन्दा पनि सिकाइप्रति उत्साह र अभिरुचि जगाउन सक्नुपर्छ। सिकाइ प्रक्रिया बालमनोविज्ञानअनुसार विना दबाव, स्वस्फूर्त रूपमा हुनुपर्छ। त्यसका साथै विद्यालयमा बालमैत्री र समावेशी वातावरण हुनु अत्यन्त आवश्यक छ जहाँ विभिन्न पृष्ठभूमिका बालबालिकाहरू सँगै सिक्न, छलफल गर्न र सहकार्य गर्न पाउँछन्। जान्नेले नजान्नेलाई सिकाउने, धनी–गरिब सबैलाई समान अवसर हुने वातावरण हुनु जरुरी छ। शारीरिक वा अन्य फरक अवस्थाका बालबालिकाहरूलाई पनि समेट्ने वातावरण हुनुपर्छ।

विद्यालयमा खेल्नका लागि पर्याप्त स्थान, मैदान, रमाइलो गर्ने अवसर हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ। साथै पढाइ केवल किताब र पाठ्यक्रममा सीमित नभई वास्तविक जीवनसँग जोडिएको, रचनात्मकता र सिर्जनशीलता विकास गर्ने खालको हुनुपर्छ। यस्ता विशेषता भएका विद्यालयहरू नै वास्तवमा उत्कृष्ट मानिन्छन्। महँगो शुल्क लिने विद्यालयहरू नै गुणस्तरीय हुन्छन् भन्ने धारणा धेरै अभिभावकहरूमा देखिन्छ। तर वास्तविकता त्यस्तो मात्र होइन। मध्यम वा न्यून शुल्क भएका विद्यालयहरूमा पनि उत्कृष्ट शिक्षा प्राप्त गर्न पूर्णरूपमा सम्भव छ। शिक्षा त पहिले पिपलको रुखमुनि पनि दिइन्थ्यो। विद्यालयका भवनहरू मूलतः घाम, पानी र हावाहुरीबाट जोगिनका लागि बनाइएका हुन्, केवल महँगो संरचना बनाउनु नै गुणस्तरीय शिक्षाको आधार होइन।

यसैले विद्यालयको भवन वा पूर्वाधार कति महँगो छ भन्ने कुरा भन्दा त्यहाँको सिकाइको वातावरण, शिक्षक र विद्यार्थीबीचको सम्बन्ध र शिक्षकको तयारी तथा प्रतिबद्धता नै सबैभन्दा महत्त्वपूर्ण पक्ष हुन्।न्यून शुल्क भएका वा सामुदायिक विद्यालयहरू जहाँ शुल्क नै नलाग्न सक्छ, त्यहाँ पनि प्रभावकारी सिकाइ

–बाँकी तीन पेजमा

## राम्रो विद्यालय ...

सम्भव छ। विद्यालयको व्यवस्थापन, बालमैत्री वातावरण र बच्चाको बौद्धिक तथा मानसिक विकासमा विद्यालयले खेल्ने भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। त्यसैले अभिभावकहरूले विद्यालय छनोट गर्दा प्रचारप्रसारमा आएको जानकारी मात्रमा निर्भर हुनु हुँदैन। बरु नजिकका विद्यालयहरूको प्रत्यक्ष अवलोकन गर्नुपर्छ, शिक्षकहरूसँग संवाद गर्नुपर्छ र विद्यालयको वास्तविक वातावरण बुझ्नुपर्छ।

हिजोआज सामाजिक सञ्जालमा देखिने सबै सामग्री सत्य वा यथार्थपरक नहुन पनि सक्छ। कतिपय अवस्थामा विद्यालयहरू प्रचारका लागि मात्र आकर्षक सामग्री प्रस्तुत गर्छन्। त्यसैले सामाजिक सञ्जाल वा मिडियामा देखिएको आधारमा मात्र निर्णय लिनु उपयुक्त हुँदैन। अर्को महत्त्वपूर्ण पक्ष भनेको बच्चाको विद्यालय नजिक हुनु हो। बच्चा हिँडेर पुग्न सक्ने दूरीमा रहेको विद्यालय अभिभावकको पहिलो रोजाइ हुनुपर्छ। यसले अभिभावकको निगरानी सजिलो बनाउँछ र बच्चाको दैनिक जीवन पनि सहज हुन्छ। यद्यपि यदि बच्चामा विशेष क्षमता वा आवश्यकता छ र त्यस्तो विद्यालय नजिक उपलब्ध छैन भने फरक कुरा हुन सक्छ।

बच्चाको मस्तिष्क निर्माणसँगै जोडिएको विषय भनेको 'फाउन्डेशन लिटरेसी' र 'न्युमेरेसी' हो। अर्थात् आधारभूत तहमा गणितीय र वैज्ञानिक सीपहरूको विकास अत्यन्तै आवश्यक हुन्छ। यदि बच्चाले यी सीपहरू प्रारम्भिक अवस्थामै राम्रोसँग सिक्न पाएन भने माथिल्लो कक्षामा पुगेपछि उसको सोच्ने क्षमता र तार्किक शक्ति कमजोर हुन सक्छ। यस कारण साना कक्षाका विद्यालयहरूले विशेषगरी आधारभूत तहका विद्यालयहरूले यी सीपहरूको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ। अहिले धेरै विद्यालयहरूमा के देखिएको छ भने बच्चाहरूले उमेर र कक्षाअनुसार हासिल गर्नुपर्ने न्यूनतम सिकाइ उपलब्धि पूरा नगरी नै माथिल्लो तहमा सर्ने गरेका छन्। नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्रले पनि पाठ्यक्रममै उमेर र तहअनुसारको सिकाइको मापदण्ड तय गरेको छ।

यदि यी न्यूनतम सिकाइ उपलब्धि हासिल नगरी बच्चा अर्को तहमा जान्छ भने उसको आधार कमजोर रहन्छ। यसले गर्दा उच्च शिक्षासम्म पुग्दा पनि समस्या देखिन सक्छ। जसको आधारभूत शिक्षा बलियो हुन्छ त्यस्ता विद्यार्थीहरूले विश्वविद्यालय तहसम्मको शिक्षा पूरा गर्ने सम्भावना बढी हुन्छ। आधार कमजोर भएका विद्यार्थीहरू क्रमशः पढाइबाट बाहिरिने (ड्रपआउट हुने) अवस्थाहरू विभिन्न अनुसन्धानहरूले देखाएका छन्।

त्यसैले बच्चाको 'फाउन्डेशन' मजबुत हुनु अत्यन्तै आवश्यक छ। यस विषयमा सरकारले पनि कुनै सम्झौता गर्नु हुँदैन र अभिभावकहरूले विद्यालय छनोट गर्दा पनि यसलाई प्राथमिकतामा राख्नुपर्छ। उज्यालो अनलाइनबाट

# घाटामा नेपालको रेल सेवा, मालवाहक सेवा थप्न माग

**अजय शाह**

महोत्तरी, २९ चैत्र। देशको एकमात्र रेल सेवा सञ्चालन गरिरहेको नेपाल रेल्वे कम्पनी लिमिटेडले आर्थिक घाटा झेल्दै आएको छ। पछिल्लो पाँच वर्षको तथ्याङ्कले कम्पनीको आम्दानीभन्दा खर्च झण्डै तेब्बर बढी रहेको देखाउँछ, जसले सेवा दीर्घकालीन रूपमा आर्थिक संकटतर्फ धकेलिँदै गएको सङ्केत गरिरहेको छ।



कम्पनीको व्यावसायिक कार्ययोजना–२०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म १९ करोड २१ लाख रुपियाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपियाँ खर्च भएको उल्लेख गरेको छ। यस अवधिमा कुल ४८ करोड १५ लाख ८० हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको छ। पछिल्लो आर्थिक वर्ष २०८०/०८१ मा मात्र ८ करोड ५० लाख आम्दानी हुँदा २६ करोड २७ लाख रुपियाँ खर्च भएको छ। हाल मासिक आम्दानी करिब ७५ लाख रुपियाँ भएपनि खर्च १ करोड २९ लाख रुपियाँ पुग्ने गरेको छ।

आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै सञ्चालन गर्नुपरेको छ। २०८१ असार मसान्तसम्म सावाँ र ब्याजसहित कुल ऋण ७९ करोड रुपियाँ नाघिसकेको छ, जसले कम्पनीमाथि थप आर्थिक दवाव सिर्जना गरेको छ। यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ। भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक चल्छ।

धनुषाको खजुरीका ५५ वर्षीय उपेन्द्र ठाकुरका अनुसार रेलले दैनिक जीवन सहज बनाएको छ मोटरसाइकलमा एक घण्टा लाग्ने दूरी रेलबाट १५ मिनेटमै पार गर्न सकिन्छ। तर यात्रु सुविधा बढ्दै जाँदा पनि कम्पनीको वित्तीय अवस्था भने कमजोर बन्दै गएको छ ।

घाटाको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च मुख्य मानिएको छ। हाल १७ जना भारतीय कर्मचारी कार्यरत छन्, जसका लागि कम्पनीले भारतीय कोंकन कम्पनीलाई मासिक करिब १ करोड १२ लाख रुपियाँ भुक्तानी गर्दै आएको छ। यसको विपरीत नेपालीतर्फ १०३ कर्मचारीको कुल तलब मात्र १७ लाख रुपियाँ छ।

स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेशन मास्टरको अभाव, फ्युलिङ स्टेशन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझ बढाएको नेपाल रेल्वे कम्पनीले जनाएको छ। यसको साथै कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन रहेको हुँदा समेत व्यवस्थापन कमजोर बनेको छ। विसं १९९४ मा सुरु भएको रेल सेवा २०७० मा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो। २०७८ चैत १९ देखि पुनः सञ्चालनमा आएको रेल हाल ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ।

कम्पनीले रेल्वेको आम्दानी बढाउन तथा आत्मनिर्भर बन्न विभिन्न विकल्प अघि सारेको छ। रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिँदा वार्षिक करिब ८ करोड आम्दानी हुने अनुमान गरिएको छ साथै पुरानो न्यारो गेज रहदाको कोइला इन्जिन सहितका चिजहरुलाई रेल म्युजियम स्थापना गरी पर्यटनमार्फत आय बढाउने योजना पनि अघि सारेको छ। स्थानीय व्यापारीहरूले यात्रु सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन्। उहाँहरूका अनुसार यात्रु मात्र बोक्ने सेवाबाट नाफा सम्भव छैन ।

तत्कालिन महाप्रबन्धक निरञ्जन झाले नेपाल रेल्वे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेल्वे सेवा सञ्चालन जति सक्दो छिटो सञ्चालनमा ल्याउनु आवश्यक्ता रहेको बताउनुभयो। उहाँले आफ्नो कार्यकालको बेला अहिलेको रेल्वेमा बोगी थपेर वा नयाँ रेल नै थपेर कार्गो रेल्वे सेवा सञ्चालन गर्ने भन्ने विषयमा छलफल समेत गरिएको जानकारी दिनुभयो।

भारतको कलकत्ता बन्दरगाहदेखि सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्न कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि जनकपुर क्षेत्रका व्यवसायीले माग गर्दै आएको भएपनि हालसम्म सञ्चालन हुन सकेको छैन। जनकपुरका व्यवसायी निर्मल चौधरीले कार्गो रेल्वे सेवा सञ्चालन भएमा मालसमान ढुवानीका लागि सहज तथा सस्तो हुने बताउनुभयो।

समयमै व्यवस्थापन सुधार, स्वदेशी दक्ष जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापन गर्न सके रेल सेवा नाफामुखी बन्न सक्ने देखिन्छ। अन्यथा, बढ्दो ऋणले नेपालको एकमात्र रेल सेवा थप सङ्कटमा पर्ने निश्चितजस्तै देखिएको छ।

# भन्सारबिनाका भारतीय गाडीको बिगबिगी



रौतहट, २९ चैत्र। रौतहटमा भारतीय नम्बर प्लेटका सवारी साधन नियमविपरीत निर्बाध रूपमा सञ्चालन भइरहँदा स्थानीय प्रशासन मूकदर्शक बनेको छ। छिमेकी जिल्ला सर्लाही, बारा र पर्सामा कडाइ गरिए पनि रौतहटमा भारतीय गाडीको संख्या बढी देखिनु र प्रहरीले नियन्त्रण गर्न नसक्नुले राजस्व चुहावट भइरहेको टिप्पणीसमेत भइरहेको छ।

नियम अनुसार भारतीय निजी सवारी नेपाल प्रवेश गर्दा प्रतिदिन कारको छ सय, मोटरसाइकलको दुई सय र तीनपाङ्ग्रेको चार सय रुपियाँ भन्सार शुल्क तिर्नु पर्छ। यी सवारी वर्षमा अधिकतम ३० दिन मात्र गुड्न पाउँछन्। रौतहटमा भने धेरै जसो सवारीले एक दुई दिनको मात्र भन्सार काटेर महिनाभरि चलाउने गरेका पाइएको छ। कतिपयले त भाडाका लागि समेत भारतीय गाडी प्रयोग गरिरहेका छन्।

गौर भन्सार कार्यालयका प्रमुख विकासकुमार रजकले सीमा क्षेत्रका बजारसम्म निःशुल्क पासको व्यवस्था भए पनि लिन आउनेको संख्या न्यून रहेको बताउनुभयो। सफ्टवेयरमा ३० दिनभन्दा बढीको भन्सार काट्न नमिल्ने भएकाले कडाइका लागि सरकारी तहबाटै ठोस नीति आवश्यक रहेको उहाँको तर्क छ। स्थानीयका अनुसार प्रहरीले पहुँचवाला र नेताका गाडीलाई चन्द्रनिगाहपुरसम्मै बिनाभन्सार चल्न छुट दिने तर सर्वसाधारणलाई भने थोरै दुरीमा पनि जरिबाना तिराउने गरेको छ। जिल्लामा कति भारतीय गाडी गुड्छन् भन्ने यकिन तथ्याङ्क प्रहरीसँग समेत छैन। यसले गर्दा अवैध क्रियाकलाप बढ्ने जोखिम छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी सीताराम रिजालले भारतीय गाडी पूर्ण रूपमा बन्द गर्न नसकिने बताउनुभयो। उहाँले अबदेखि यस्ता गाडी चलाउने नेपाली नागरिकको विवरण संकलन गरी निगरानी बढाउने योजना रहेको जानकारी दिनुभयो। ट्राफिक चेकजाँचमा कडाइ नहुँदा एकातिर राज्यले राजस्व गुमाइरहेको छ भने अर्कातिर कानुनी विभेदले नागरिकमा असन्तुष्टि बढेको छ।

# सिंहदरबार पुनःनिर्माण सुरु

काठमाडौं, २९ चैत्र। जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त सिंहदरबारको पूर्वी, उत्तरी र दक्षिणी मोहडा भवनको पुनःनिर्माण सुरु गरिएको छ। गत भदौ २४ गते प्रदर्शनका क्रममा भएको आगजनीबाट सिंहदरबारको मूल भवन तथा सिंहदबार परिसरभित्र रहेका अन्य भवन क्षतिग्रस्त भएका थिए। सहरी विकास मन्त्रालयमातहतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका वरिष्ठ डिभिजनल इन्जिनियर (सिडिई) गणेश कर्माचार्यले यसअघि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय रहेको सिंहदरबार मुख्य भवनको पूर्वी, उत्तरी र दक्षिणी मोहडा भवनको पुनर्निर्माण सुरु गरिएको जानकारी दिनुभयो। पूर्वी, उत्तरी र दक्षिणी मोहडामा मात्र बाहिरी क्षति पुगेकाले अबको दुई महिनाभित्र पुनर्निर्माण सम्पन्न हुने उहाँले बताउनुभयो।उहाँका अनुसार चालु आर्थिक वर्ष (२०८२/८३) को जेठ मसान्तसम्म पुनर्निर्माण सम्पन्न गर्ने गरी काम सुरु गरिएको हो। यसको पुनर्निर्माणको ठेक्का घिमिरे/बडू (संयुक्त) निर्माण कम्पनीले पाएको हो। सिंहदरबारको मौलिक स्वरूपमा कुनै परिवर्तन नआउने गरी पुनर्निर्माण भइरहेको उहाँले स्पष्ट पार्नुभयो।

सिंहदरबारको पश्चिमी मोहडा आगलागीबाट पूर्ण रूपमा क्षतिग्रस्त भइसकेकाले तत्काल त्यसको अध्ययन भइरहेको र अध्ययन प्रतिवेदनपछि पुनर्निर्माण सुरु गरिने उहाँले बताउनुभयो। यस मोहडाको निर्माण पनि विशेष प्रकृतिका भएकाले पुनर्निर्माणका लागि अध्ययन भइरहेको उहाँले स्पष्ट पार्नुभयो। आगलागीले १२० वर्षभन्दा पुरानो सिंहदरबारको मूल भवनभित्रको 'स्टेट हल' पूरै ध्वस्त भएको थियो। ऐतिहासिक र पुरातात्विक महत्वको सो हलभित्र ऐतिहासिक र पुरातात्विक कला, कलात्मक पेन्टिङ तथा ऐतिहासिक किसिमबाट साजसज्जा सङ्ग्रहीत थियो। राणाकालमै अति विशिष्ट विदेशी पाहुनालाई स्टेट हलमा स्वागत गर्नुका साथै विदेशी पाहुना नेपाल आउँदा उनीहरूले दिएका बहुमूल्य उपहार सो हलमै सङ्ग्रहीत थिए। यसअघि २०७२ सालको भूकम्पले क्षतिग्रस्त सिंहदरबारको उत्तर,

–बाँकी अन्तिम पेजमा

# मनिक दहमा मन्दिर निर्माण सम्पन्न



**जीवछ यादव**

लहान, २९ चैत्र। लहान नगरपालिका वडा २४ मा रहेको सहलहेस धार्मिक पर्यटकीय स्थल मानिक दहमा डिहवार मन्दिर निर्माण कार्य सम्पन्न भएको छ। गाउँलेको रक्षाको लागि तराइ मधेशमा हरेक गाउँको सीमाभित्र डिहवार मन्दिर रहेको छ। डिहवारको पूजा गाउँलेले चन्दा उठाएर असार १ गते गर्ने चलन परापूर्वकालदेखि चल्दै आइरहेको छ।

पर्यटकीय स्थलसम्म जान सरे खोलामा पुल निर्माणको कार्य समेत अन्तिम चरणमा पुगेकोले पर्यटकीय स्थलमा बाह्रै महिना पर्यटकीय आइरहने स्थानीयहरूले बताएका छन्। नौ बिघामा फैलिएको दहमा लहान नगरपालिकाले ८५ लाखको लागतमा दह जलाशयमा मन्दिर निर्माग सम्पन्न भएपछि दहको रौणकतामा वृद्धि भएको छ।

लोक नायक सलहेस मानिक दहमा स्नान गर्ने र लहान–१२ र २२ मा पर्ने सलहेस फूलबारीमा फूल टिप्ने धार्मिक आस्था रहेको मानिकदहको धार्मिक पर्यटकीय विकास हुनुपर्ने स्थानीयहरूको माग अनुसार यस ठाउँको सौन्दर्यीकरणको कार्य भइरहेको लहान नगरपालिका वडा २४ का वडाध्यक्ष रासलाल राय राजपुतले बताउनुभयो। उहाँका अनुसार यस दहमा मन्दिर निर्माणकार्य सम्पन्न भएपछि धर्मशाला शौचालय वृक्षारोपण र लहान नगरपालिकाको सहरी क्षेत्रसँग जोडने पिच सडक निर्माणको कार्यलाई अघि बढाएको उहाँले जानकारी गराउनुभयो।

२०७४ सालमा यस सिराहा–१ बाट निर्वाचनमा उम्मेदवार हुनुभएको समयमा स्वर्गीय नेता प्रदीप गिरी निर्वाचनको समयमा गरिएको प्रतिबद्धता अनुसार यहाँ निर्वाचित भएपछि गर्नुभएको पहलले सरे खोलामा पुल निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। पुल निर्माणले यस क्षेत्रको विकासका लागि ढोका खोल्नुको अर्का स्थानीय मानव अधिकारवादी अगुवा राजकुमार राउतले सुनाउनुभयो।

उहाँका अनुसार झुटकी गाउँलाई चारैतिरबाट सरे खोलाले घेरिएको कारण उपचारका लागि बिरामीलाई अस्पतालसम्म पुऱ्याउन निकै कठिनाइ थियो भने तरकारी उत्पादन गर्ने किसानहरूलाई लहान बजारसम्म पुऱ्याउन ठुलो समस्या थियो। पुल निर्माणले पर्यटकीय स्थल मानिकदहकसम्म बाह्रै महिना आउने सहजता हुने भएको छ ।

सलहेस पर्यटकीय क्षेत्रको रूपमा रहेको सलहेश फूलबारी ,मानिक दह,पकडियागढ र सिराहा नगरपालिका–७ मा रहेको सलहेसको जन्मस्थल मैसोथासम्म जोडने सलहेस सर्किटको कार्य तीव्र गतिमा हुनुपर्ने आवश्यक छ। प्रत्येक वर्ष वैशाख १ गते सलहेस फूलबारीमा मेला हेर्न आउने भारतीय धार्मिक पर्यटकीयहरू सलहेससँग जोडिएको सबै धार्मिक पर्यटकीय स्थलहरूमा पुग्ने गर्दछ ।

# प्रसिद्ध भारतीय गायिका आशा भोसलेको निधन



काठमाडौं, २९ चैत्र। प्रसिद्ध भारतीय गायिका आशा भोसलेको ९२ वर्षको उमेरमा आइतबार निधन भएको छ। आधुनिक भारतीय सङ्गीतकी महान् गायिकामध्ये एक मानिने भोसलेको मुम्बईको ब्रिच क्यान्डी अस्पतालमा उपचारका क्रममा आज निधन भएको हो। हृदयघात भएपछि हिजो उनलाई अस्पताल भर्ना गरिएको थियो।

आशा भोसले अर्की चर्चित गायिका लता मङ्गेशकरकी बहिनी हुन्। सन् १९३३ मा मङ्गेशकर परिवारमा जन्मिएकी आशाले ९ वर्षको उमेरदेखि नै व्यावसायिक रूपमा गायन शुरू गरेकी थिइन्। उनले सन् १९४३ मा पहिलो चलचित्र गीत रेकर्ड गरेकी थिइन्। झन्डै तीन दशमसम्म उनी धेरैजसो सङ्गीतकारहरूको रोजाइको गायिका बनिन्।

आशा भोसलले २० वटा भाषामा १२ हजारभन्दा धेरै गीत गाएकी छिन्। उनका 'चुरालिया है तुम ने जो दिलको', 'दिल चीज क्या है', 'दम मारो दम', 'ए मेरा दिल', 'जवानी जाने मन', 'रङ्गीला रे' लगायत थुप्रै गीतहरू चर्चित छन्। भोसलेले 'गैरी खेतको शिरै हान्यो', 'मोहनी लाग्ला है', 'वसन्त नै बस्न खोज्छ', यहाँ 'पहाडको माथिमाथि', 'दियो बाली साँझ को', 'तिमी मेरो म तिम्रो' लगायतका नेपाली गीतहरू पनि गाएकी छिन्।

# प्रधानमन्त्रीसहित मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक

काठमाडौं, २९ चैत्र। सरकार गठनको १७औं दिनमा प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ। प्रधानमन्त्री कार्यालयले आइतबार साँझ सार्वजनिक गरेको विवरणअनुसार प्रधानमन्त्री बालेन्द्र शाहको खातामा १ करोड ४६ लाख रकम रहेको उल्लेख छ। खातामा मौज्दात रहेको रकम फेसबुक, युट्युब, टिकटक तथा स्पोटिफाइ तथा आइट्युनबाट आम्दानी भएको रकम भएको विवरणमा लेखिएको छ।

साथै प्रधानमन्त्री पत्नी सबिनाको १ सय ९० तोला सुन रहेको पनि सम्पत्ति विवरणमा उल्लेख छ। प्रधानमन्त्री बालेन्द्रका बुवा रामनारायण शाहको नाममा महोत्तरीमा ९ बिघा जग्गा छ। त्यस्तै उहाँकी आमा ध्रुबदेबी शाहको नाममा काठमाडौं महानगरपालिकाको वडा नम्बर नौमा पाँच आना जग्गाका साथै



धनुषामा १ दशलमव दुई बिघा जग्गा छ। त्यस्तै अर्थमन्त्री स्वर्णीम वाग्लेको विभिन्न बैंक खातामा १ करोड ९० लाख रकम रहेको उल्लेख छ। वाग्ले तथा परिवारका नाममा चार ठाउँमा घर रहेको छ। सानेपा, भैसेपाटी काभ्रे र तनहुँमा घरका साथै फ्ल्याट रहेको छ। साथै बुबा जीवनराज वाग्ले र आफ्ना नाममा गरी ५ ठाउँमा जग्गा रहेको विवरण उल्लेख छ।

यस्तै, ९४ लाखको गाडी समेत मन्त्री वाग्लेको नामामा रहेको छ। यस्तै, अर्थमन्त्री वाग्लेको पाँचवटा कम्पनीको सेयर रहेको समेत विवरणमा उल्लेख छ।

## *सिंहदरबार ...*

दक्षिण र पूर्व खण्डलाई नयाँ प्रविधि तथा आधुनिक निर्माण सामग्री प्रयोगमार्फत पुरानै स्वरूप नबिग्रिने गरी भविष्यमा आउन सक्ने सम्भावित भूकम्पीय जोखिम धान्न सक्ने गरी प्रबलीकरण गरिएको थियो।

**अन्य भवनको पुनर्निर्माण प्रक्रिया**

सिडिई कर्माचार्यले जेनजी प्रदर्शनका क्रममा सिंहदरबार परिसरमा रहेका अन्य क्षतिग्रस्त भवनको पुनर्निर्माण प्रक्रिया अगाडि बढाइएको बताउनुभयो। पुलचोक इन्जिनियरिङ कलेजको सहयोगमा आगजनीबाट क्षतिग्रस्त सिंहदरबारको पश्चिमी मोहडालगायत अन्य भवनको अध्ययन भइरहेको छ। अध्ययनको विस्तृत प्रतिवेदन तयार भएपछि पुनर्निर्माणका लागि बोलपत्र आह्वान गरिने उहाँले बताउनुभयो।

विक्रम संवत् १९६० मा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर जबराको कार्यकालमा निर्मित ऐतिहासिक सिंहदरबार भवन एक अत्यन्तै कलात्मक, युरोपमा विकास भएको 'नियो क्लासिकल' शैलीको नेपालको मुख्य प्रशासनिक भवन हो। प्रधानमन्त्री चन्द्रशमशेरले आवश्यक सामग्री बेलायतबाट झिकाई आफ्नो निजी निवासका रूपमा युरोपेली शैलीमा सिंहदरबारको निर्माण गर्न लगाउनुभएको थियो। वास्तुकला तथा ललितकलाका दृष्टिकोणले अनुपम तहखानासहित पाँचतले भवनका विशेषतः चार वटा महत्वपूर्ण भाग छन्। उत्तर, दक्षिण र पूर्व मोहडा खण्डको जम्मा निर्माण भएको क्षेत्रफल ( टोटल बुल्ट अप एरिया) १२ हजार ४६१.८१ वर्गमिटर रहेको छ।

## *नगरपालिकाको ...*

जनाएको छ। आँखा अस्पतालका शिविर संयोजक राजकुमार यादवका अनुसार मोतियाविन्दुको पहिचान भएका बिरामीलाई नगरबसबाट अस्पतालसम्म ल्याएर उपचारपछि पुनः गाउँमा पुऱ्याउने व्यवस्था मिलाइएको बताए।

'मोतियाविन्दु भएका बिरामीलाई नगरको सहयोगमा अस्पतालमा शल्यक्रियासहित निःशुल्क चस्मा र औषधिसमेत दिइएको छ,' उनले भने, 'गरिब, विपन्न र असहाय बिरामीलाई पाँचदेखि १० हजार रुपैयाँसम्म लाग्ने शल्यक्रिया खर्च नगरपालिकाले व्यवस्थापन गरिरहेकाले अन्धोपन निवारणमा ठुलो यागदान पुऱ्याएको छ।' नगरपालिकाले अस्पतालसँग सम्झौता गरी हरेक वर्ष नगरको २४ वटा वडा क्षेत्रका कम्तीमा एक हजारजनाको आँखा जाँच गर्ने गरी अभियान चलाइरहेको छ।

## कमला नदीमा ...

प्रारम्भिक प्रयासबाट युवक फेला नपरेपछि सशस्त्र प्रहरीको विशेष गोताखोर टोली परिचालन गरिएको थियो।

उक्त गोताखोर टोलीले नै नदीको गहिराइबाट युवकको शव बाहिर निकालेको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो। मृतकको शवलाई कानुनी प्रक्रिया पूरा गरी परीक्षण (पोस्टमार्टम)का लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ। घटनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# राष्ट्रिय हक्की टोलीमा मिथिला नगरपालिकाका ६ खेलाडी छनोट

**विजयकुमार साह**

ढल्केबर, २९ चैत्र। नेपाल हक्की संघले घोषणा गरेको राष्ट्रिय महिला तथा पुरुष हक्की टोलीमा धनुषाको मिथिला नगरपालिकाभित्रका ६ जना खेलाडी छनोटमा परेका छन्। सीमित स्रोतसाधनका बीच पनि स्थानीय खेलाडीले राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएपछि स्थानीयमा खुशी छाएको छ। धनुषा हक्की संघका सचिव दिवेशकुमार महतोका अनुसार मधेश प्रदेशबाट छनोट भएका नौ खेलाडीमध्ये छ जना मिथिला नगरपालिकाका छन्। बाँकीमध्ये दुई जना जनकनन्दनी गाउँपालिकाका र एक जना पर्सा जिल्लाका खेलाडी रहेका छन्।

मिथिला नगरपालिकाबाट छनोट हुनेमा शर्मिला यादव, लक्ष्मिनियाँ कुमारी, मधुकुमारी साह, रोशन यादव, पुरुषोत्तम महतो र उमेश श्रेष्ठ रहेका छन्। त्यसैगरी जनकनन्दनी गाउँपालिकाबाट आशिका मण्डल र अङ्किता मुखिया तथा पर्साबाट मकेश्वर साह छनोटमा परेका छन्। छनोट भएका महिला हक्की खेलाडी भारतको लखनउमा आयोजना हुने नेपाल–इन्डो हक्की प्रतियोगितामा सहभागी हुने जनाइएको छ। उक्त प्रतियोगितामा भारतका छ टोली र नेपालसहित कुल सात टोलीबीच प्रतिस्पर्धा हुने बताइएको छ।

सचिव महतोले खेल सामग्री तथा पूर्वाधारको अभावका बाबजुद मिथिला नगरपालिकाबाट राष्ट्रिय टोलीमा उल्लेख्य संख्यामा खेलाडी छनोट हुनु गर्वको विषय भएको बताउनुभयो। उहाँले भन्नुभयो, स्रोतसाधनको कमी हुँदाहुँदै पनि खेलाडीको लगनशीलता, मेहनत र परिश्रमकै कारण राष्ट्रिय टोलीको पर्न सकेको हो।' मिथिला नगरपालिका–२, नक्टाझिजस्थित श्री जनता माध्यमिक विद्यालयको खेलमैदानमा विगत पाँच वर्षदेखि महिला तथा पुरुष हक्की खेलाडी नियमित अभ्यास गर्दै आएका छन्। तर, खेल सामग्री र खेलमैदानको स्तरउन्नतितर्फ जनप्रतिनिधिको ध्यान पुग्न नसकेको उहाँले गुनासो सुनाउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)